# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

दलित तथा गैरदलित जातिलाई समय समयमा विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । सामान्यतया सामाजिक, आर्थिक, शैक्षिक लगायत सबै क्षेत्रबाट पछाडि पार्दै सामाजिक रुपमा छुवाछुतको भेदभाव समेत गरिएको जातिलाई दलित भनिन्छ भने यस्तो भेदभावमुक्त अन्य सबै जातिहरुलाई गैरदलित भनिन्छ । दलित जातिहरुमा कामी, दमाई, सार्की, लोहार, सुनार, वादी, गाइने, कसाई, कुसुले, कुचे, च्यामे, पोडे, धोवी, दुसाद, तत्मा, डुम, खतवे, सन्थाल, सतार, चमार, मुसहर, वातर र हलखोर पर्दछन् । त्यसैगरी कुमाले, बोटे, ओड, मदनवा, ढोली हुडके, दम्स, गवैया, शूनी, किच्चक, विटालु, वन्जारा, चुरेटा, कंसाकार पनि दलित जाति भित्र पर्दछन्। दलितहरु प्रायः आर्यजातिभित्रै परेको देखिन्छ किनभने दलित र आर्यजातिका थर र उपभेदहरु मिलेको पाइन्छ । दलितजातिको बारेमा अझ पनि थप अनुसन्धान आवश्यक छ ।

दलितले अन्य जाति सरह सामाजिक हक अधिकार तथा मान मर्यादा प्राप्त गर्न सकिरहेका छैनन् । उनीहरु आर्थिक रुपले ज्यादै पछि परेकोले उनीहरुको जीवनस्तर निरीह र दयनीय पनि छ । ब्राह्मणहरुले आफ्नो वर्चश्व तथा अस्तित्व अनन्त कालसम्म कायम राख्न र दुश्मनलाई सधैंभरी कमजोरी पार्न जातपात र छुवाछुतको अचुक अस्त्र निर्माण गरेका थिए । ब्राह्मण धर्मको वर्तमानमा हिन्दुधर्म सन् ३००-५०० मा स्वरुप निश्चित गरियो । सन् ४०० तिर नै पराजित शुद्रहरु बौद्धहरु र क्षेत्री समेतलाई ब्राह्मणहरुको अधिपत्य स्वीकार नगर्दा अछुत र वहिष्कृत गरिएको पाइन्छ । वैद्धिक कालमा आर्यहरुले ब्राह्मण, क्षेत्रीय र वैश्यको वर्गीय रुपले विभाजन गरेको पाइन्छ । ब्राह्मण र क्षेत्रीयहरुको आपसी कलहले गर्दा अर्को वर्ण शुद्रको निर्माण भयो । यसरी इतिहासमा जातपात र छुवाछुत प्रथाको प्रारम्भ भएको पाइन्छ ।

पशुपालन र कृषिमा आधारित अर्थव्यवस्थाका विकास सँगसँगै सुविधा भोगी र सुविधाविहिनको बीचमा भिन्नता देखा पर्‍यो । यही भिन्नतालाई सम्बोधन गर्न वर्णव्यवस्थाको चाल थियो । वर्णाश्रम धर्म वर्ग विभाजन थियो । पिछडिएको वर्ग कालान्तरमा दलित बन्न पुगेको पाइन्छ ।

गैरदलित भन्नाले परापूर्वकाल देखि नै सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक दृष्टिकोणले अगाडि बढेका जातिहरु हुन् । दलित बाहेकका अन्य जातिहरुमा बाहुन, क्षेत्री, ठकुरी, नेवार, राई, गुरुङ लामा, शेर्पा, लिम्बु, भोटे जस्ता ८२ भन्दा बढी जातिहरु नेपालमा गैरदलित भित्र पर्छन् (केन्द्रीय तथ्याङ्क विभाग २०५८) ।

नेपालको कुल जनसंख्याको १२.९५ प्रतिशत दलित जाति रहेका छन् । अर्थात् करीब २९ लाख भन्दा बढी उत्पीडित दलित जातिहरु नेपालको विभिन्न भागमा फैलिएर रहेका छन् (राष्ट्रिय दलित सेवा आयोग, २०५८) । यी दलितहरु आर्थिक रुपले विपन्न छन् भने सामाजिक रुपले पीडित र अपहेलित पनि छन् ।

शिक्षा समाज परिवर्तनको मूल आधार हो । त्यसैले पनि शिक्षा मानव अधिकारको रुपमा स्थापित भइसकेकोले शिक्षा पाउनु सबैजातिको बालबालिकाको अधिकार हो । तर हाम्रो देशको सन्दर्भमा विपन्न वर्ग, दलित, जनजाति एवं अपाङ्ग बालबालिका शिक्षा प्राप्त गर्ने अवसरबाट वंचित हुनुका कारणहरु गरिबी, पारिवारिक अशिक्षा, घरेलु कामकाज आदि रहेका छन् (कोइराला, २०६१) ।

शैक्षिक दृष्टिकोणबाट हेर्ने हो भने राष्ट्रिय रुपमा दलितको साक्षरता प्रतिशत १९.७ रहेकोले नेपालमा अधिकांश दलितहरु निरक्षर रहेको देखिन्छ । प्राथमिक तहमा राष्ट्रिय रुपमै दलितको भर्नादर ४८ प्रतिशत मात्र देखिन्छ । (Flash I Report २०६४, सानोठिमी, भक्तपुर, DOE) । यसबाट विद्यालयमा दलितको उपस्थिति न्यून नै देखिन्छ । दलितहरुको यस्तो शैक्षिक स्थितिमा सुधार ल्याउन उच्चस्तरीय आयोग प्रतिवेदन २०५५ ले विशेष व्याख्या गर्न खोजेको देखिन्छ । जसअनुसार दलित बालबालिकालाई प्रोत्साहन स्वरुप विद्यालय तहमा कुनै शुल्क नलिने र पाठ्यपुस्तक पनि निःशुल्क रुपमा

वितरण गर्ने सुझाव अनुसार शैक्षिक सत्र २०६६ देखि यो काम हुँदै आएको छ र हाल विद्यालय तहसम्म दलित तथा अन्य सबै बालबालिकाहरुलाई नेपाल सरकारले यो दुवै सुविधा दिँदै आएको पनि छ । यसको अतिरिक्त सामुदायिक विद्यालयहरुमा दलित छात्रवृत्ति तथा छात्रा छात्रवृत्ति वितरणको व्यवस्था भए पनि शिक्षामा दलितहरुको उपस्थिति न्युन रहेको तलको तथ्याङ्कले देखाउँछ ।

| तह | तराई | पहाड | हिमाल | औषत उपस्थिति |
|---|---|---|---|---|
| प्रा.वि. | १५ | २७ | १७ | २० |
| मा.वि. | ४ | ८ | ३ | ५ |
| उ.मा.वि. | ० | ० | ० | ० |

स्रोतः सेरिड, २०५६, पृ. ४७ ।

प्रस्तुत तालिकामा दलितहरुको शिक्षामा उपस्थिति प्रा.वि. तहमा तराई, पहाड र हिमालमा क्रमशः १५, २७ र १७ भएकोले राष्ट्रिय रुपमा जम्मा औषत उपस्थिति २० प्रतिशत छन् । त्यसैगरी मा.वि. तहमा तराई, पहाड र तराँईमा दलितहरुको उपस्थिति क्रमशः ४, ८, ३ भएकोले राष्ट्रिय रुपमै जम्मा औषत उपस्थिति ५ प्रतिशत मात्र रहेको छ साथै उ.मा.वि. तहमा भने राष्ट्रिय रुपमै दलितहरुको उपस्थिति सुन्य देखिन्छ । त्यसैले यो तथ्याङ्कबाट नेपालमा शिक्षामा दलितहरुको उपस्थिति न्युन देखिन्छ ।

यस अध्ययनमा खोटाङ्ग जिल्ला दुर्छिम गा.वि.स. अन्तर्गत दलित तथा गैरदलितहरुको शैक्षिक उपलब्धीमा पाइएको भिन्नता देखाइएको छ र त्यस्तो भिन्नता ल्याउने कारणहरुको तुलनात्मक अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल सरकारले दलित विद्यार्थीलाई निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तक तथा दलित छात्रवृत्ति जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि गैरदलित विद्यार्थीहरुका तुलनामा दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर कम नै रहेकोले समस्या पैदा भएको छ । शैक्षिक उपलब्धिमा प्रभाव पार्ने दलित तथा गैर दलित विद्यार्थीहरुको

पारिवारिक र शैक्षिक वातावरण तथा व्यक्तिग कारणहरुको पनि तुलनात्मक अध्ययन तथा दुवै वर्गका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन पनि यो अध्ययनमा गरिएको छ । त्यसैले पनि यहाँ दलित तथा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्य

(क) दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा देखिएको भिन्नता पत्ता लगाउन ।

(ख) दलित तथा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा भिन्नता ल्याउने कारणहरु पत्ता लगाउन ।

## १.४ अध्ययनको औचित्य

नेपालमा दलितहरुको शिक्षामा पहुँच वृद्धि गर्न निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक, दलित छात्रवृत्ति आरक्षण जस्ता कार्यक्रम ल्याइए पनि अपेक्षित उपलब्धी हासिल नभएकोले यसका कारणहरुको अध्ययन अनुसन्धान हुनु आफैमा औचित्यपूर्ण भएको छ । साथै दलित शिक्षामा चासो देखाउने जो कोही व्यक्ति तथा संस्थाहरु पनि यो अध्ययनबाट लाभान्वित भएको देखिन्छ ।

## १.५ अध्ययनको परिसिमा

यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुको प्राथमिक तहको कक्षा ५ को अंग्रेजी, गणित र विज्ञान विषयको शैक्षिक सत्र २०६७ र २०६८ सालको शैक्षिक उपलब्धीको अध्ययन गरिएको छ । साथै विद्यार्थीहरुको सामाजिक तथा पारिवारिक वातावरण, विद्यालयको वातावरण र शिक्षासँग सम्बन्धित व्यक्तिहरु पनि अध्ययन भित्र रहेका छन् ।

# परिच्छेद-दुई

# पूर्व अध्ययनकार्यको समिक्षा

विद्यालयहरुमा दलित र गैरदलित विद्यार्थीको शैक्षिक उपलब्धी र यसको तुलनामा चासो देखाइए पनि यसतर्फ ठोस काम हुन सकेको छैन । यस अध्ययनमा विभिन्न जातजातिसँग सम्बन्धित यस अघिका शोधपत्रहरुले सहयोग पुऱ्याउने भएकोले तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

चौधरी (सन् २०००) ले प्राथमिक तहमा गणित विषयको उपलब्धी सम्बन्धी शोधपत्र तयार गर्दा अशिक्षित बाबुआमा हुने विद्यार्थीको उपलब्धी भन्दा शिक्षित बाबुआमा हुने विद्यार्थीको उपलब्धी राम्रो भएको पाइएको छ ।


दाहाल (२०६१) ले "प्राथमिक विद्यालयमा दलित बालबालिकाहरुको शिक्षामा सहभागिता" शीर्षकको शोधपत्रमा विद्यालयमा दलित र गैरदलित विद्यार्थीहरुको भर्ना स्थिति, उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर, कक्षा छाड्ने दर, दलित बालबालिकाको कम सहभागिताका कारणहरु, शैक्षिक सहभागिता सम्बन्धी समस्याहरु उल्लेख गर्दै समस्या समाधानमा जोड दिनु पर्ने कुरा उल्लेख गरिएको छ ।

ढकाल, घनश्याम (२०६१) ले प्राथमिक विद्यालय दलितहरुको शैक्षिक अवस्थाको विश्लेषण सम्बन्धी शोधपत्र तयार गर्दा कमजोर आर्थिक अवस्था, शिक्षाको कमी, छुवाछुतको भावना, बालविवाह जस्ता कारणहरुले दलितहरुको शैक्षिक उपलब्धीमा कमी रहेको पाइएको छ ।

रिजाल, इन्दिरा (२०६२) को "दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन" शीर्षकको शोधपत्र अनुसार विद्यार्थीको पारिवारिक स्थिति, घरको शैक्षिक वातावरण तथा विद्यार्थीहरुको व्यक्तिगत कारणले पनि दलित विद्यार्थीहरु भन्दा गैरदलित विद्यार्थीहरुको उपलब्धी माथि रहेको भन्ने निष्कर्ष देखिएको छ

प्रस्तुत पूर्व अध्ययन कार्यबाट यस शोधपत्रका अध्ययनकर्तालाई शोधपत्रलेखनमा पर्याप्त सहयोग पुगे पनि दलित तथा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी, तिनको विद्यालयमा उपस्थिति, पारिवारिक अवस्था तथा विद्यार्थीका व्यक्तिगत तत्व अलि भिन्न रुपमा यो अध्ययनमा प्रस्तुत गरिएको छ ।

**अवधारणात्मक अध्ययन ढाँचा**



# परिच्छेद-तीन

# अध्ययन विधि

यो अध्ययन पूरा गर्न निम्न विधि प्रयोगमा ल्याइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययनको उद्देश्य पूरा गर्न गुणात्मक र संख्यात्मक दुवै विधि आवश्यकता अनुसार प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली, अन्तर्वार्ता र छलफल प्रयोगमा ल्याइएको छ भने सहायक तथ्याङ्क संकलन गर्न विद्यालय र गा.वि.स. को रेकर्ड फायल प्रयोगमा ल्याइएको छ । यो अध्ययनलाई सजिलो तरिकाले सम्पन्न गर्न निम्न अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ ।

| क.सं. | अध्ययनको उद्देश्य | साधन | सूचनाको स्रोत |
|---|---|---|---|
| १ | दलित र गैर दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा भिन्नता देखाउनु । | अभिलेख अध्ययन | मार्कलेजर |
| २ | दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा भिन्नता ल्याउने कारणहरु पत्ता लगाउनु । | अन्तर्वार्ता, समूह छलफल, दस्तावेज अध्ययन | शिक्षक, विद्यार्थी वि.व्य.स., अभिभावक, विद्यालय र गा.वि.स. को अभिलेख |

## ३.२ नमुना छनोट

समय, स्रोत-साधन तथा सुविधाको अभावको कारण यस अध्ययनका लागि निम्न तरिकाबाट नमुना छनोट गरएको छ ।

### (क) विद्यालय छनोट

यस अध्ययनका लागि अध्ययनकर्ता खोटाङ्ग जिल्लाको दुर्छिम गा.वि.स. निवासी भएकोले यसै गा.वि.स. मा संचालित नौ वटा सामुदायिक विद्यालयहरु मध्ये दलित र गैरदलित दुवै विद्यार्थीहरु अध्ययन गर्ने तीनवटा विद्यालयहरु छनोट गरिएको छ । यस गा.वि.स.का अन्य विद्यालयहरमा दलित विद्यार्थीहरु उपलब्ध नभएका कारण दलित र गैर दलित दुवै विद्यार्थीहरु अध्ययनरत निम्न तीन वटा विद्यालयहरु छनोट गरिएको छैन ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | दुर्छिम उ.मा.वि. | दुर्छिम-५ |
| २ | सहकला प्रा.वि. | दुर्छिम-३ |
| ३ | दामोदर महासिङ प्रा.वि. | दुर्छिम-८ |

**(ख) विद्यार्थी छनोट**

छनोट गरिएको तीनवटा विद्यालयमा अध्ययनरत दलितबाट ६ र गैरदलितबाट ६ जना गरी जम्मा १२ जना विद्यार्थीहरु गोलाप्रथाबाट छनोट गरिएको छ ।

**(ग) शिक्षक छनोट**

छनोटमा परेका तीनवटै विद्यालयका १।१ जना प्राथमिक शिक्षक गोला प्रथाबाट र प्र.अ.हरुलाई नमुना छनोटमा लिइएको छ ।

**(घ) अभिभावक छनोट**

तथ्यांक संकलनको लागि अभिभाकहरु मध्येबाट गोलाप्रथाबाट एउटा विद्यालयबाट दलितबाट १ जना र गैरदलितबाट १ जना गरी जम्मा २ जनाको दरले तीनवटा विद्यालयबाट जम्मा ६ जना अभिभावकको छनोट गरिएको छ ।

**(ङ) श्रोत व्यक्तिको छनोट**

यस अध्ययनलाई थप प्रभावकारी तुल्याउन सूचना संकलनको लागि दुर्छिम स्रोत केन्द्रको श्रोत व्यक्तिलाई पनि छनोट गरिएको छ ।

**(च) कक्षा छनोट**

विद्यार्थी-विद्यार्थी, शिक्षक-विद्यार्थी बीच व्यवहार अवलोकन गर्न छनोटमा परेका तीनवटै विद्यालयका कक्षा ५ को एक/एक वटा कक्षा छनोट गरिएको छ ।

## ३.३ साधनहरुको निर्माण

यस अध्ययनको लागि आवश्यक सूचना तथा तथ्यांक संकलन गर्न निम्न साधन तथा औजारहरु निर्माण गरिएको छ ।

### ३.३.१ विद्यार्थी विवरण फाराम

छनोटमा परेका विद्यालयमा अध्ययनरत दलित र गैरदलित विद्यार्थीहरुको २०६७ र २०६८ सालको उपस्थिति र उपलब्धी संकलन गर्न विद्यार्थी विवरण फाराम निर्माण गरिएको छ । (अनुसूची १, २)

### ३.३.२ खुल्ला प्रश्नावली

यो साधन प्रश्नहरुको संगालो हो जसको प्रयोगबाट अध्ययनकर्ताले शिक्षक, प्रधानाध्यापकसाग दुवै खाले विद्यार्थीहरुको उपस्थिति, उपलब्धीस्तर, गृहकार्य गर्ने, नगर्ने, कक्षामा सहभागी हुने नहुने, दलित र गैर दलित विद्यार्थीबीचको व्यवहार सम्बन्धी जानकारी लिन खुला प्रश्नावली निर्माण गरिएको छ । यो फाराम अनुसूची ६ र २ मा देखाइएको छ ।

### ३.३.३ असंरचित अन्तर्वार्ता फाराम

दलित तथा गैरदलित अभिभावकहरुसँग उनीहरुको पारिवारिक शैक्षिक तथा सामाजिक स्थितिको जानकारी लिन यो साधन निर्माण गरिएको छ । यो साधन पनि प्रश्नहरुको सूची नै हो जसको माध्यमबाट अध्ययनकर्ता उत्तरदातासँग कुनै पनि विषयमा गहिराइमा पुगेर स्वतन्त्र रुपले सूचना संकलन गर्दछ । यो फाराम अनुसूची ५ मा देखाइएको छ ।

### ३.३.४ कक्षा अवलोकन

दलित र गैरदलित विद्यार्थीको व्यवहार भिन्नता अध्ययन गर्न शिक्षकको व्यवहार अध्ययन गर्न, आफै कक्षामा सहभागी भएर विद्यार्थीलाई प्रश्न गर्ने तथा अन्तरक्रियामा भाग लिने, कक्षा कार्य गर्ने नगर्ने आदि व्यवहार अध्ययन गर्न कक्षा अवलोकन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनलाई आवश्यक तथ्यांक निम्न प्रक्रियाबाट संकलन गरिएको छ ।

(क) अध्ययनकर्ता छनोट भएका विद्यालयमा पुगेर विद्यालयको अभिलेख हेरेर उल्लिखित साधनहरुको प्रयोग गरी आवश्यक जानकारी लिइएको छ ।

(ख) छनोटमा परेका दलित तथा गैरदलित बालबालिकाहरुसँग लक्षित समूह छलफल गरी आवश्यक सूचना लिइएको छ ।

## ३.५ तथ्यांक विश्लेषण प्रक्रिया

उल्लिखित साधनहरु प्रयोग गरी प्राप्त भएको सूचना एवं जानकारीलाई गुणात्मक तथा परिमाणात्मक दुवै विधिबाट विश्लेषण गरी दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा भिन्नता र यस भिन्नता ल्याउने कारणहरु पहिचान यस अध्ययनमा गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकहरुको विश्लेषण र व्याख्या

यस अध्ययनमा छनोटमा परेका प्राथमिक तहका कक्षा ५ मा अध्ययन गर्ने विद्यार्थीहरुको अंग्रेजी गणित र विज्ञान विषयहरको शैक्षिक वर्ष २०६७ र २०६८ मा प्राप्त गरेका औषत उपलब्धी (औषत प्राप्ताङ्क) र उपस्थितिबीच देखिएको सम्बन्धको लेखाजोखा, उनीहरुको पारिवारिक तथा शैक्षिक वातावरण अध्ययनसँग सम्बन्धित तत्वहरु दलित तथा गैरदेलित विद्यार्थीहरुका कक्षाकार्य, गृहकार्य आदिमा सक्रियता पत्ता लगाउन सम्बन्धित सबै पक्षलाई खुला प्रश्नावली, अन्तर्वार्ता र शिक्षण अवलोकन जस्ता साधनहरुबाट प्राप्त सूचना र जानकारीहरुलाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ दलित र गैरदलित विद्यार्थीहरुको औसत उपलब्धी

**तालिका नं. ४.१**

**अध्ययन क्षेत्रका दलित र गैरदलित विद्यार्थीहरुको औषत उपलब्धी शैक्षिक वर्ष २०६७**

| | | | दलित | | गैर दलित | |
|---|---|---|---|---|---|---|
| कक्षा | विषय | | संख्या | औषत उपलब्धी | संख्या | औषत उपलब्धी |
| ५ | अंग्रेजी, गणित र विज्ञान | छात्र | ३ | ३७.३३ | ३ | ४९ |
| | | छात्रा | ३ | ३४.०० | ३ | ४३.३३ |
| | | जम्मा | ६ | ३५.६६ | ६ | ४६.१६ |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिकामा दलित विद्यार्थीको अंग्रेजी गणित र विज्ञान विषयहरुमा औषत उपलब्धी ३५.६६ प्रतिशत रहेको छ भने गैरदलित विद्यार्थीको औषत उपलब्धी ४६.१६ प्रतिशत रहेको । यसरी दलितको भन्दा गैरदलित विद्यार्थीको औषत उपलब्धी स्तर १०.५० प्रतिशतले उच्च रहेको देखिन्छ । लिङ्गगत रुपमा पनि दलित र गैरदलित

विद्यार्थीहरुको औषत उपलब्धीमा भिन्नता देखिन्छ । छात्राको भन्दा छात्रको शैक्षिक उपलब्धी माथि देखिन्छ ।

**तालिका नं. ४.२**

**अध्ययन क्षेत्रका दलित र गैरदलित विद्यार्थीहरुको औषत उपलब्धी शैक्षिक वर्ष २०६८**

| | | | दलित | | गैर दलित | |
|---|---|---|---|---|---|---|
| कक्षा | विषय | | संख्या | औषत उपलब्धी | संख्या | औषत उपलब्धी |
| ५ | अंग्रेजी, गणित र विज्ञान | छात्र | ३ | ३६ | ३ | ४७.६६ |
| | | छात्रा | ३ | ३६ | ३ | ४५.३३ |
| | | जम्मा | ६ | ३६ | ६ | ४६.५० |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६८ ।

प्रस्तुत तालिकामा पनि दलितको भन्दा गैरदलित विद्यार्थीको अंग्रेजी, गणित र विज्ञान विषयहरुमा औसत उपलब्धी उच्च देखिन्छ । दलितको औषत उपलब्धी ३६ प्रतिशत देखिन्छ भने गैरदलित विद्यार्थीको औषत उपलब्धी ४६.५० प्रतिशत भएकोले दलित विद्यार्थीभन्दा गैरदलित विद्यार्थीको शैक्षिक उपलब्धीस्तर १०.५० प्रतिशतले माथि देखिन्छ । त्यसैगरी लिङ्गत रुपमा दलित छात्र र छात्राको विचमा औषत उपलब्धीमा भिन्नता देखिएन कारण दुवैतर्फको औषत उपलब्धी ३६ रहेको छ । तर गैर दलित विद्यार्थीहरुमा भने छात्रको औसत उपलब्धी ४७.६६ र छात्राको औसत उपलब्धी ४५.३३ रहेकोले छात्रको औसत उपलब्धी छात्राको भन्दा ३.६६ प्रतिशतले बढी देखिन्छ ।

शैक्षिक वर्ष २०६७ र २०६८ मा छनोटमा परेका दुवै वर्गका विद्यार्थीहरुको औषत उपलब्धीको तुलना गर्दा ०६७ र ०६८ दुवै वर्ष दलितको भन्दा गैरदलित विद्यार्थीहरुको औषत उपलब्धी १०.५० प्रतिशतले माथि देखिन्छ । यसबाट दुवै वर्षको उल्लिखित विद्यार्थीहरुको औषत उपलब्धी हेर्दा दलितको भन्दा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर माथि देखिन्छ ।

यसरी छनोटमा परेका विद्यालयहरको परिमाणात्मक विश्लेषण गर्दा दलितको भन्दा गैरदलित विद्यार्थीको शैक्षिक उपलब्धीस्तर राम्रो देखिन्छ । यस सम्बन्धमा सम्बन्धित शिक्षक तथा प्रधानाध्यापकहरुसँग छलफल गर्दा दलित र गैरदलित विद्यार्थीको उपलब्धीस्तरमा भिन्नता देखिए पनि दलित विद्यार्थीहरुको औसत उपलब्धी मध्यम खालको भएको पाइयो ।

## ४.२ दलित तथा गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थिति २०६७ र २०६८

दलित र गैरदलित विद्यार्थीको विद्यालय, उपस्थिति पत्ता लगाउन शैक्षिक सत्र २०६७ र २०६८ सालको छनोटमा परेका कक्षा ५ को विद्यालय हाजिरी अभिलेखलाई आधार बनाइएको छ । शिक्षा नियमावली २०५९ अनुसार एक शैक्षिक सत्रमा घटिमा २२० दिन विद्यालयमा काम गर्नुपर्ने समय तोकिए पनि छनोट भएका तीनवटै विद्यालयको हाजिरको औसत निकाल्दा २०० दिन मात्र विद्यालय संचालन भएको पाइयो । जसको कारणहरु पत्ता लगाउन शिक्षकहरुसँग छलफल गर्दा सार्वजनिक विदाहरु थप भएको शिक्षकहरुसँग छलफल गर्दा सार्वजनिक विदाहरु थप भएका, शिक्षकहरु सामाजिक कार्यमा संलग्न हुनुपर्ने, राजनीतिक पार्टी तथा विविध समूहको बन्द हड्तालका कार्यक्रमहरु तथा शिक्षकहरुको पेशागत संगठनले गरेका बन्दका कार्यक्रमहरु मुख्य कारणहरु भएको पाइयो । दलित र गैरदलित विद्यार्थीको औषत वार्षिक उपस्थिति दिनलाई निम्नानुसार प्रतिशतमा देखाइएको छ ।

**तालिका नं. ४.३**
**दलित तथा गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थिति २०६७**

| | | दलित | | गैर दलित | |
|---|---|---|---|---|---|
| कक्षा | विद्यालयको नाम | उपस्थित दिन | प्रतिशत | उपस्थित दिन | प्रतिशत |
| ५ | श्री दुर्छिम उ.मा.वि. दुर्छिम-५ | १६५ | ८२.५ | १६८ | ८४ |
| | श्री सहकला प्रा.वि. दुर्छिम-३ | १६० | ८० | १६५ | ८२.५ |
| | श्री दामोदर महासिङ प्रा.वि. दुर्छिम - ५ | १६४ | ८२ | १६५ | ८२.५ |
| | जम्मा | १६३ | ८१.५ | १६६ | ८३ |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०६७ ।

प्रस्तुत तालिकामा छनोटमा परेका कक्षा ५ का दलित विद्यार्थीको वार्षिक औषत उपस्थिति दिन १६३ रहेको छ भने प्रतिशतमा औषत उपस्थिति ८१.५ प्रतिशत देखिन्छ । त्यसैगरी गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थिति १६६ दिन रहेको छ भने प्रतिशतमा ८३ प्रतिशत देखिन्छ । यसप्रकार दलित विद्यार्थीको भन्दा गैरदलित विद्यार्थीको वार्षिक औसत उपस्थिति तीन दिनले बढी देखिन्छ भने प्रतिशतमा १.५ प्रतिशतले उच्च देखिन्छ । यसरी शैक्षिक वर्ष २०६७ को हाजिरी अभिलेख अनुसार दलित विद्यार्थीको भन्दा गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थिति राम्रो भएता पनि उपस्थितिमा ठूलो भिन्नता भने देखिँदैन ।

**तालिका नं. ४.४**

**दलित तथा गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थिति २०६८**

| | | दलित | | गैर दलित | |
|---|---|---|---|---|---|
| कक्षा | विद्यालयको नाम | उपस्थित दिन | प्रतिशत | उपस्थित दिन | प्रतिशत |
| ५ | श्री दुर्छिम उ.मा.वि. दुर्छिम-५ | १६६ | ८३ | १६८ | ८५ |
| | श्री सहकला प्रा.वि. दुर्छिम-३ | १६५ | ८२.५ | १६६ | ८३ |
| | श्री दामोदर महासिङ प्रा.वि. दुर्छिम - ५ | १६२ | ८१ | १६५ | ८२.५ |
| | जम्मा | १६४.३३ | ८२.१६ | १६६.३३ | ८३.१६ |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०६८ ।

शैक्षिक सत्र २०६८ को यस तालिकामा पनि छनोटमा परेका तीनवटै विद्यालयमा वार्षिक औषत उपस्थिति दलित विद्यार्थीको १६४.३३ दिन तथा प्रतिशतमा

८२.१६ रहेको छ भने गैरदलित विद्यार्थीको वार्षिक औषत हाजिरी १६६.३३ दिन अर्थात् ८३.१६ प्रतिशत देखिन्छ । यसप्रकार दलितको भन्दा गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थित २ दिन वा १ प्रतिशतले बढी देखिएकोले गैरदलितको तुलनामा दलित विद्यार्थीको विद्यालयमा उपस्थिति केही कमजोर भए पनि ठूलो भिन्नता देखिँदैन । यसरी दलित विद्यार्थीहरुको तुलनामा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी माथि हुनमा दलित विद्यार्थीको कम हाजिरी हुनु सामान्य कारण मात्र मान्न सकिन्छ ।

## ४.३ दलित र गैरदलित विद्यार्थीहरुको पारिवारिक अवस्था

यस अध्ययनमा दुवै किसिमका विद्यार्थीहरुको पारिवारिक अवस्था अध्ययन गर्न छनोटमा परेका ३ विद्यालयहरुबाट Random Sampling गरी ३ जना गैरदलितका दरले जम्मा १८ जना अभिभावकहरु छनोट गरी, अध्ययनकर्ताँ स्वयं उपस्थित भई आवश्यक जानकारी लिइएको हो ।

### ४.३.१ पेशागत अवस्था

गैरदलित अभिभावकहरु मध्ये ४ जना (४४.४४%) ले आफ्नो पेशा संचालन गरेको पाइयो भने दलित अभिभावकहरु मध्ये तीन जना (३३.३३%) ले मात्र पेशा संचालन गरेको देखिन्छ । त्यसैगरी ४ जना (४४.४४%) वैदेशिक रोजगार १ जना ( ११.११%) मात्र ज्यालादारी काममा गैर दलित अभिभावकहरु लागेको पाइन्छ भने दलित अभिभावकहरु मध्ये ३ जना (३३.३३%) वैदेशिक रोजगारमा र ३ जना (३३.३३%) ज्ल्यालादारी मजदुरी काममा लागेको देखिन्छ । यसबाट दलितको भन्दा गैरदलित अभिभावकहरुको पेशा स्थायी र निरन्तर देखिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.५**

| पेशा | दलित | गैरदलित |
|---|---|---|
| व्यवसाय | ३ (३३.३३%) | ४ (४४.४४%) |
| वैदेशिक रोजगार | ३ (३३.३३%) | ४ (४४.४४%) |
| ज्यालादारी | ३ (३३.३३%) | १ (११.११%) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

### ४.३.२ परिवारको आकार

चार जना सम्म परिवार संख्या हुनेमा दलित १ जना (११.११%) र गैरदलित अभिभावकहरु भने ५ जना (५५.५५%) छन् । त्यसैगरी ५ जनाको परिवार हुनेमा दलित २ जना (२२.२२%) र गैरदलित अभिभावकरु ३ जना (३३.३३%) जना देखिन्छ । साथै ६ जना भन्दा बढी संख्या परिवार हुनेमा दलित ६ जना (६६.६६%) र गैरदलित अभिभावकहरु १ जना (११.११%) मात्र देखिन्छ । यसबाट गैर दलितभन्दा दलित अभिभावकहरुको परिवार संख्या बढी भएको देखिन्छ । जसलाई तलको तालिकामा देखाइन्छ ।

**तालिका नं. ४.६**

| परिवारको संख्या | दलित | गैरदलित |
|---|---|---|
| ४ जना | १ (११.११%) | ५ (५५.५५%) |
| ५ जना | २ (२२.२२%) | ३ (३३.३३%) |
| ६ जनाभन्दा माथि | ६ (६६.६६%) | १ (११.११%) |
| जम्मा | ९ (१००%) | ९ (१००%) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

### ४.३.३ घरको बनावट

छनोटका परेका दलित अभिभावकहरु मध्ये कसैको पनि पक्का घर नभएको तर २ जना (२२.२२%) गैरदलित अभिभावकहरुको भने पक्का घर पाइयो । त्यसैगरी अर्धकच्ची र कच्ची घर दलित र गैरदलित अभिभावकहरु मध्ये क्रमशः ५ (५५.५५%) र ४ (४४.४४%) र २ (२२.२२%) र ३ (३३.३३%) जनाको रहेको छ भने २ जना दलित अभिभावकहरु आफ्नो जग्गा नभई सार्वजनिक जग्गामा टहरा बनाई बसेको पाइन्छ। तर गैरदलित अभिभावकहरु भने सुकुम्बासी कोही नभएको देखिन्छ। यसबाट घरको बनावटमा खासै ठूलो भिन्नता पाइएन कारण सामुदायिक विद्यालयका अभिभावकसँ मात्र यो अध्ययन नियमित भएकोले ती दुवै खाले अभिभावकहरु सामान्यतया गरीब नै हुने गरेको पाइयो। जसलाई तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ४.७**

| घरको किसिम | दलित | गैरदलित |
|---|---|---|
| पक्का | ० | २ (२२.२२%) |
| अर्धकच्ची | ५ (५५.५५%) | ४ (४४.४४%) |
| कच्ची | २ (२२.२२%) | ३ (३३.३३%) |
| सार्वजनिक जग्गामा बस्ने | २ (२२.२२%) | ० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७।

### ४.३.४ घरमा उपलब्ध सुविधा

दलित र गैरदलित अभिभावकहरुको घरमा उपलब्ध संचार सुविधास्तरलाई अध्ययन गर्दा दलित अभिभावकहरु मध्ये मोबाइल ३ जना (३३.३३%), रेडियो ५ जना (५५.५५%) र टि.भी. १ जना (११.११%) सँग भएको पाइयो भने गैर दलित अभिभावकहरु मध्ये मोबाइल ३ जना (३३.३३%), रेडियो २ जना (२२.२२%) र टि.भी. ४ जना (४४.४४%) सँग भएको पाइयो । यसबाट प्रभावकारी संचारका सुविधा

दलितमा भन्दा गैरदलित अभिभावकहरुमा नै भएको पाइन्छ । जसलाई तलको तालिकमा देखाइन्छ ।

**तालिका नं. ४.८**

| सुविधा | दलित | | गैरदलित | |
|---|---|---|---|---|
| | घर संख्या | सुविधा | घर संख्या | सुविधा |
| मोबाइल | ३ | भएको | ३ | भएको |
| रेडियो | ५ | भएको | २ | भएको |
| टि.भी. | १ | भएको | ४ | भएको |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

### ४.३.५ शैक्षिक स्तर

दुवै वर्गका अभिभावकहरुको शैक्षिक स्तरर्ला हेर्दा दलित अभिभावकहरु मध्ये ४ जना (४४.४४%) निरक्षर ३ जना प्रा.वि. तह उत्तिर्ण ३ जना (३३.३३%), नि.मा.वि. तह उत्तिर्ण १ जना (११.११%) र एस.एल.सी. तह भन्दा माथि मात्र १ जना (११.११%) ले उत्तिर्ण गरेको पाइयो जबकी गैरदलित अभिभावकहरु मध्ये निरक्षर मात्र १ जना (११.११%), ३ जना (३३.३३%), प्रा.वि. तह उत्तिर्ण , २ जना (२२.२२%), नि.मा.वि. तह उत्तीर्ण र एस.एल.सी. भन्दा माथि उत्तिर्ण ४ जना (४४.४४%) भएकोले दलित भन्दा गैरदलित अभिभावकहरुको शैक्षिक स्तर राम्रा रहेको देखिन्छ जसलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.९**

| शैक्षिक स्तर | दलित | गैरदलित |
|---|---|---|
| निरक्षर | ४ (४४.४४%) | १ (११.११%) |
| प्रा.वि. तह | ३ (३३.३३%) | ३ (३३.३३%) |
| नि.मा.वि. तह | १ (११.११%) | २ (२२.२२%) |
| एस.एल.सी. वा त्यो भन्दा माथि | १ (११.११%) | ४ (४४.४४%) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

### ४.३.६ घरमा पढाउने समय विवरण

दुवै वर्गका अभिभावकहरुले आफ्ना छोराछोरीलाई घरमा पढाउने समय हेर्दा दलित अभिभावकहरु मध्ये ६ जना (६६.६६%) ले २-३ घण्टा र ३ जना (३३.३३%) ले मात्र ३-४ घण्टा समय आफ्ना बच्चाहरुलाई अध्ययनका लागि घरमा छुट्याउने गरेको पाइयो भने गैरदलित अभिभावकहरुमध्ये ३ जना (३३.३३%) ले २-३ घण्टा र ६ जना (६६.६६%) ले भने ३-४ घण्टा नै आफ्ना बच्चाहरुलाई घरमा पढाउने समय उपलब्ध गराएको पाइयो । यसबाट दलित भन्दा गैरदलित बालबालिकाहरुले घरमा पनि बढी समय पढ्ने अवसर प्राप्त गरेको देखिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ४.१०**

| पढाउने समय | दलित | गैरदलित |
|---|---|---|
| १-२ घण्टा | ६ (६६.६६%) | ३ (३३.३३%) |
| १-३ घण्टा | ३ (३३.३३%) | ६ (६६.६६%) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।

## ४.४ दलित तथा गैरदलित विद्यार्थीहरुको शैक्षिक वातावरण

यस अध्ययनमा दलित र गैरदलित दुवै विद्यार्थीहरुको शैक्षिक वातावरण अध्ययन गर्न छनोटमा परेका तीनवटै विद्यालयहरुको कक्षा ५ को अग्रेजी, गणित र विज्ञान विषयको कक्षा अवलोकन गर्दा शिक्षकहरुको शिक्षण विधि पछाडि परेका दलित विद्यार्थीहरुको पूर्वज्ञान तथा रुचिलाई ख्याल नगरी गैरदलित विद्यार्थीहरुसँग राखी एउटै शिक्षण विधि सञ्चालन गरेको पाइयो । पुरस्कार भन्दा सजायलाई प्राथमिकता दिएको तथा शिक्षकको व्यवहार दलित विद्यार्थीमुखी नभएको पाइयो । जसको कारण पनि दलित विद्यार्थीहरुको उपलब्धीमा कमी भएको देखिन्छ ।

## ४.५ व्यक्तिगत कारणहरु

दलित तथा गैरदलित विद्यार्थीहरुको अध्ययनसँग सम्बन्धित व्यक्तिगत कारण अध्ययन गर्न Random sampling को माध्यमबाट दलित ६ र गैरदलित ६ गरी जम्मा १२ जना विद्यार्थी भए छनोट गरी अन्तर्वार्तामा समावेश गराइएको छ ।

दलित विद्यार्थीहरुमा पढ्ने रुचि हुँदाहुँदै पनि समयमा पाठ्यपुस्तक नपाएको, आर्थिक अभावको कारण सन्दर्भ पुस्तक प्राप्त गर्न तथा अतिरिक्त समयमा ट्युसन कक्षा लिन सकिरहेको छैन । हाल दलित छात्रवृत्ति रकम सम्पूर्ण दलित विद्यार्थीहरुलाई विद्यालयले उपलब्ध गराए पनि पठनपाठनको कार्यमा सो रकम खर्च नगरी अन्य व्यावहारिक काममा खर्च गर्ने गरेको पाइयो ।

विद्यालयमा दैनिक उपस्थितिलाई हेर्दा तुलनात्मक रुपमा गैरदलित भन्दा दलित विद्यार्थीहरुको उपस्थिति केही बढी मात्र देखियो । विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापहरुमा दुवै वर्गका विद्यार्थीहरुलाई सक्रिय सहभागी गराउने सन्दर्भमा शिक्षक तथा शिक्षिकाहरुबाट गरिने व्यवहार दुवै वर्गका विद्यार्थीहरुको बीचको व्यवहार पनि भेदभाव रहित भएको कुरा कक्षा अवलोकन तथा अन्तरक्रियाबाट प्रष्ट भएको छ । अन्तर्वार्ताको माध्यमबाट दलित विद्यार्थीहरुबाट एस.एल.सी. उत्तीर्ण गर्ने, वैदेशिक रोजगारीमा जाने, एस.एल.सी. उत्तीर्ण भएपछि स्वदेश मै रोजगारी पाए गर्ने तथा गृहिणीको काम गर्ने इच्छा प्रकट भयो भने गैरदलित विद्यार्थीहरुबाट पढन पाएसम्म पढ्ने इच्छा प्रकट गरेको पाइयो । यसरी अन्तर्वार्ता र अन्तरक्रियाबाट दलित तथा गैरदलित विद्यार्थीहरुको उपलब्धीस्तरमा व्यक्तिगत कारणको प्रभाव परेको देखिन्छ । व्यक्तिगत कारणहरु पनि दुवै थरीका विद्यार्थीहरुको शैक्षिक सामाजिक, आर्थिक, पारिवारिक अवस्थाबाट सृजना भएको देखिन्छ । अर्थात् व्यक्तिगत कारणले पनि दलित भन्दा गैरदलित विद्यार्थीको पढाइप्रति आत्मविश्वास बढी भएको पाइयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

यस अध्ययनमा विभिन्न शीर्षकमा प्रस्तुत गरिएको तथ्यांकीय विश्लेषणबाट निम्नानुसार प्राप्तिहरु आएका छन् ।

**दलित र गैरदलित विद्यार्थीहरुको कक्षा ५ को अंग्रेजी, गणित र विज्ञान विषयहरुको उपलब्धीको अवस्था**

शैक्षिक सत्र २०६७ सालको छनोटमा परेका दलित र गैरदलित विद्यार्थीहरुको उल्लिखित विषयहरुको औषत उपलब्धी क्रमशः ३५.६६ प्रतिशत र ४६.१६ प्रतिशत भएकोले दलितको भन्दा गैरदलितको औषत उपलब्धी १०.५० ले बढी देखिन्छ । दलित छात्र र छात्राको औषत उपलब्धी क्रमशः ३७.६३ र ३४ भएकोले दलित छात्र भन्दा छात्राको औषत उपलब्धी ३.३३ प्रतिशतले कम देखिन्छ भने गैरदलित छात्र र छात्राको औषत उपलब्धी ४९ र ४३.३३ प्रतिशत भएकोले गैरदलित विद्यार्थीमा पनि छात्रभन्दा छात्राको औषत उपलब्धी ५.६७ ले कम देखिन्छ । यसरी यो तथ्यांकबाट दलित र गैरदलित विद्यार्थीको औषत उपलब्धीमा स्पष्ट भिन्नता पाइयो साथै दलित र गैर दलित विद्यार्थीहरुमा पनि छात्र र छात्राको औषत उपलब्धीमा पनि स्पष्ट भिन्नता देखिन्छ ।

त्यसैगरी शैक्षिक सत्र २०६८ सालमा छनोटमा परेका दलित र गैरदलित विद्यार्थीहरुको उल्लिखित विषयहरुको औषत उपलब्धी ३६ र ४६.५० भएकोले दलितको भन्दा गैरदलित विद्यार्थीको औषत उपलब्धी १०.५० प्रतिशतले माथि देखिन्छ । त्यसैगरी यो वर्ष दलित छात्र र छात्राको औषत उपलब्धी ३६ नै रहेकोले दुवैको औषत उपलब्धी समान देखिन्छ । तर गैरदलित छात्रको औषत उपलब्धी ४७.६६ र गैरदलित छात्राको औषत उपलब्धी ४५.३३ प्रतिशत भएकोले २.३३ प्रतिशतले छात्राको भन्दा छात्रको औषत उपलब्धी बढी देखिन्छ । त्यसैले यो सालको अभिलेखबाट दलितको

भन्दा गैरदलित विद्यार्थीको औषत उपलब्धी माथि देखिन्छ । दलित विद्यार्थीहरुमा भने छात्र र छात्राको औषत उपलब्धी फरक देखिएन भने गैरदलित छात्र र छात्राबीच औषत उपलब्धीमा स्पष्ट भिन्नता देखियो ।

**दलित र गैरदलित विद्यार्थीहरुको औषत उपस्थिति**

शैक्षिक सत्र २०६७ मा छनोटमा परेका दलित र गैरदलित विद्यार्थीहरुको वार्षिक औषत उपस्थिति क्रमशः ८१.५ प्रतिशत र ८.३ प्रतिशत भएकोले दलितको भन्दा गैरदलित विद्यार्थीको वार्षिक औषत उपस्थिति १.५ प्रतिशतले बढी देखिन्छ ।

त्यसैगरी २०६८ मा छनोटमा परेका दलित र गैरदलित विद्यार्थीहरुको वार्षिक औषत उपस्थिति क्रमशः ८२.१६ प्रतिशत र ८३.१६ प्रतिशत भएकाले दलितको भन्दा गैरदलित विद्यार्थीहरुको वार्षिक औषत उपस्थिति १ प्रतिशतले बढी देखिन्छ । यसरी दुवै वर्गका विद्यार्थीहरुको विद्यालय उपस्थितिमा ठूलो अन्तर नभएकोले उपस्थितिले उपलब्धीमा ठूलो असर नपारेको देखिन्छ ।

**दलित र गैरदलित विद्यार्थीहरुको पारिवाकि स्थिति**

गैरदलित विद्यार्थीहरुको भन्दा दलित विद्यार्थीहरुको परिवारका सदस्यसंख्या बढी देखिन्छ । जसले गर्दा शैक्षिक उपलब्धी स्तरमा प्रभाव परेको देखिन्छ ।

**पेशागत अवस्था**

गैरदलित विद्यार्थीहरुका अभिभावकहरुको पेशा निरन्तर र स्थायी प्रकृतिको देखियो । जसले गर्दा उनीहरुले घरमा धेरै समय काम गर्नु नपर्ने भएकोले अध्ययनसमय बढी प्राप्त भई उपलब्धीस्तर उच्च भएको देखियो । तर दलित विद्यार्थीहरुको अभिभावकहरुको पेशा मौसमी, ज्यालादारी तथा अस्थायी प्रकृतिको पाइएकोले आर्थिक अभावको कारण दलित विद्यार्थीहरुले घरमा बढी समय काम गर्नुपर्ने देखियो । जसले गर्दा अध्ययन समय कमी भएको कारण दलित विद्यार्थीहरुको उपलब्धीस्तर पनि प्रभावित भएको पाइयो ।

### घरको बनावट तथा सुविधाको अवस्था

छनोटमा परेका दुवै खाले अभिभावकहरुसँग आफ्नो घर घडेरी भएको तर एकजना दलित अभिभावकको आफ्नो जग्गा नभई सार्वजनिक खाली जग्गामा घर बनाई बसेको पाइयो । घरको बनावटको कारणढाले विद्यार्थीको उपलब्धीसतरमा खासै प्रभाव नपरेको पाइयो । तर दलित र गैरदलित अभिभावकहरुको घरमा उपलब्ध सुविधाको कारण भने उपलब्धी स्तरमा प्रभाव परेको पाइयो । संचारका साधनहरुको उपभोग गर्ने अभिभावकका छोराछोरीमा भन्दा प्रयोग नगरेका अभिभावकका छोराछोरमिा ज्ञानको कमी भई उपलब्धीस्तरमा पनि काम भएको पाइयो ।

### घरको शैक्षिक वातावरण र घरमा पढाउने समयको अवस्था

दलित अभिभावकहरुको भन्दा गैरदलित अभिभावकहरुको घरको शैक्षिक वातावरण अनुकूल भएकोले उनीहरुको छोराछोरीहरु बढी समय पढ्ने र पढाउने काममा सक्रिय भएको पाइन्छ । जसका कारण दलित विद्यार्थीहरुभन्दा गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीस्तर उच्च देखिन्छ । आर्थिक अभावका कारण दलित अभिभावकहरुले आवश्यक पाठ्यसामग्री समयमा उपलब्ध गराउन नसकेको हुँदा दलित विद्यार्थीहरुको उपलब्धी स्तरमा नकरात्मक परेको देखिन्छ । दलित र गैरदलित विद्यार्थीहरुले घरमा पढ्ने समय तथा अवसर समानरुपमा नपाएको देखिन्छ । अध्ययन समय गैरदलित विद्यार्थीको तुलनामा दलित विद्यार्थीले कम पाएकोले उनीहरुको उपलब्धीस्तर पनि कमजोर देखिन्छ ।

### दलित र गैरदलित विद्यार्थीहरुको व्यक्तिगत कारण र उपलब्धी स्तर

दलित र गैरदलित विद्यार्थीहरु सबैको अध्ययन रुची फरक फरक नै पाइयो र त्यसैअनुसार उपलब्धीमा प्रभाव परेको देखिन्छ । दुवैथरीका विद्यार्थीहरुको शिक्षाप्रति चासो देखिए पनि गैरदलित विद्यार्थीहरुमा उच्च शिक्षाप्रतिको रुचि बढी देखियो भने दलिट विद्यार्थीहरुमा एस.एल.सी. लाई मात्र मुख्य लक्ष्य बनाएको पाइयो र भविष्यमा शिक्षाप्रतिको चाहनाको आत्मविश्वासमा कमी भएको पाइयो ।

दुवै थरीका विद्यार्थीहरुबीचको सहयोग, कक्षाकार्य तथा गृहकार्यमा सहयोग तथा नजानैको विषयवस्तुमा एकले अर्कालाई सिकाइदिने जस्ता कुराले पनि विद्यार्थीहरुको उपलब्धी प्रभावित भएको पाइयो ।

## ५.२ निष्कर्ष

पूर्वको पशुपति भनेर चिनिएको खोटाङ्ग जिल्लाको हलेसी महादेवस्थानको छिमेकी गा.वि.स. खोटाङ्ग जिल्लाको ऐतिहासिक, राजनीतिक तथा साहित्यिक ठाउँ पनि हो । यस गा.वि.स.मा दलित अन्तर्गत कामी, दमाई र सार्की जातिको बसोबास रहेको छ भने गैरदलितमा राई जातिको बाहुल्यता रहेको छ भने क्षेत्री जाति जनसंख्याको हिसाबले दोस्रो स्थानमा देखिन्छ ।

यस गा.वि.स.को तीनवटा विद्यालयहरु नमुनाको रुपमा छनोट गरी यो अनुसन्धान पूरा गरिएको छ । छनोटमा परेका विद्यालयहरमा प्रा.वि. तहको कक्षा ५ मा अध्ययनरत शैक्षिक सत्र २०६७ र २०६८ का दलित र गैरदलित विद्यार्थीहरुको अंग्रेजी, गणित र विज्ञान विषयहरुको शैक्षिक उपलब्धी र विद्यालय उपस्थितिको तुलनात्मक विश्लेषण गरिएको साथै उपलब्धीमा प्रभाव पार्ने विद्यार्थीको पारिवारिक तथा शैक्षिक वातावरण सामाजिक वातावरण तथा व्यक्तिगत कारणहरुको पनि विश्लेषण यो अध्ययनमा गरिएको छ ।

छनोट भएका दलित र गैरदलित विद्यार्थीहरुको २०६७ सालको उल्लिखित विषयहरुको औषत उपलब्धी क्रमशः ३५.६६ र ४६.१६ प्रतिशत भएकोले दलितको भन्दा गैरदलित विद्यार्थीहरुको औषत उपलब्धी १०.५० प्रतिशतले बढी देखिन्छ । त्यसैगरी छनोटमा परेका विद्यार्थीहरुको २०६८ सालको अभिलेख हेर्दा पनि दलित र गैरदलित विद्यार्थीहरुको उल्लिखित विषयहरुको औषत उपलब्धी क्रमशः ३६ र ४६.५ प्रतिशत भएकोले गैर दलित विद्यार्थीको औषत उपलब्धी दलितको भन्दा १०.५ ले उच्च नै देखिन्छ । यसरी दलित र गैरदलित विद्यार्थीहरुको उपलब्धी स्तरमा स्पष्ट भिन्नता पाइन्छ ।

दलित र गैरदलित दुवै विद्यार्थीहरुको पारिवारिक अवस्था, अभिभावकहरुको पेशा, आम्दानी, रोजगारी, घरमा उपलब्ध सुविधा, घरमा पढ्न पाउने समय तथा दुवै खाले विद्यार्थीहरुको रुचि जस्ता व्यक्तिगत कारणहरु र उनीहरुको उपलब्धी स्तरको तुलनात्मक विश्लेषण गर्दा उल्लिखित तत्वहरुको कारण दलित र गैरदलित विद्यार्थीहरुको उपलब्धीस्तरमा प्रभाव परेको देखिन्छ ।

छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीहरुको उपलब्धीस्तर वृद्धि गर्न दलित विद्यार्थीर्ला सरकारी छात्रवृत्ति तथा गैर दलिततर्फ छात्राहरुलाई छात्रवृत्ति तथा विद्यालय पोशाक वितरणका कार्यक्रमहरु संचालन गरेको पाइन्छ ।

## ५.३ सुझावहरु

छनोटमा परेका विद्यालयहरुमा दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीस्तर अध्ययन गर्ने सिलसिलामा दुवै थरीका विद्यार्थीहरुको शैक्षिक उपलब्धीसँग सम्बन्धित हाजिरी पारीवारिक तथा शैक्षिक वातावरण, शिक्षकको व्यवहार दुवै थरीका विद्यार्थीहरुको आपसी व्यवहार तथा छनोटमा परेका विद्यार्थीहरुको व्यक्तिगत तत्वहरुको पनि विश्लेषण तथा विवेचना गरिएको छ । यसका आधारमा दलित विद्यार्थीहरुको उपलब्धी स्तर बढाउन तथा समग्रमा दुवै थरीका विद्यार्थीहरुको शैक्षिक उपलब्धी वृद्धि गर्न निम्न सुझावहरु प्रस्तुत गरिएका छन् ।

- दलित विद्यार्थीहरुको विद्यालयमा उपस्थिति बढाउन प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्नुपर्छ ।
- दलित तथा गैरदलित अभिभावकहरुको आम्दानी वृद्धि गर्न स्थानीय तहमा आयआर्जनका कार्यक्रमहरु संचालन गर्नुपर्छ ।
- शिक्षालाई व्यावहारिक तुल्याउन पाठ्यक्रम परिवर्तन गर्नुपर्छ ।
- दलित समुदायको परम्परागत सीपलाई आधुनिक र व्यावसायिक बनाउन सरकारी तथा गैरसरकारी संस्थाहरुबाट सरल कर्जाको व्यवस्था गर्नुपर्दछ ।

- दुवैथरीका विद्यार्थीहरुको उपलब्धिमा वृद्धि गर्न विद्यालयले अतिरिक्त कक्षा संचालन गर्नुपर्दछ ।
- दलित विद्यार्थीहरुका लागि सरकारले निःशुल्क पाठ्यसामग्रीहरु उपलब्ध गराउनु पर्दछ ।
- शिक्षकले विद्यार्थीहरुको घरायसी तथा व्यावहारिक समस्या बुझ्ने नीति निर्माण गर्नुपर्दछ ।
- दलित तथा गैरदलित विद्यार्थीहरुलाई कक्षाकार्यमा बढी भन्दा बढी सकृय बनाउनु पर्दछ ।
- दलित अभिभावकलाई लक्ष्य गरी शिक्षाप्रति रुचि जगाउने चेतनामूलक कार्यक्रम संचालन गर्नु पर्दछ ।
- दलित र गैरदलित विद्यार्थीहरु समावेश गरी समय समयमा प्रतियोगितात्मक शैक्षिक कार्यक्रमहरु संचालन गरिनु पर्दछ ।

# सन्दर्भसूची

**अन्तरिम संविधान** (२०६३), काठमाडौंः बौद्धिक दर्पण प्रकाशन ।

केन्द्रीय तथ्याङ्क विभाग, २०५८ ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान**, काठमाडौंः स्टुडेन्ड बुक्स पब्लिसर्स ।

कोइराला, विद्यानाथ र आचार्य, शुसन (२०६१), **सामाजिक न्यायको सेरोफेरोमा शिक्षा,** (प्रथम संस्करण), काठमाडौंः स्टुडेन्ट बुक्स डिष्ट्रीव्युटर्स ।

दाहाल (२०६१), **प्राथमिक विद्यालयमा दलित बालबालिकाहरुको शिक्षामा सहभागिता**, शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

चौधरी, (सन् २०००), **प्राथमिक तहमा गणित विषयको उपलब्धी,** शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

**दलित जाति विकास समिति**, २०५६ ।

ढकाल, घनश्याम (२०६१), **प्राथमिक विद्यालयमा दलितहरुको शैक्षिक अवस्थाको विश्लेषण,** शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, ज्ञानेश्वर (२०६१), **वृद्धज्ञानकोष,** काठमाडौंः आशिष पुस्तक भण्डार ।

**नेपाल अधिराज्यको संविधान** २०४७, काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

**मुलुकी ऐन** (२०२०), काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

**राष्ट्रिय दलित आयोग** (२०६०), काठमाडौंः नेपालमा दलित समुदायको स्थिति, थापाथली ।

**राष्ट्रिय दलित सेवा आयोग,** २०५८ ।

रिजाल, इन्दिरा (२०६२), **दलित र गैरदलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीको तुलनात्मक अध्ययन**, शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

## अनुसूची १

## विद्यार्थीहरुको उपस्थिति अभिलेख संकलन फाराम

विद्यालयको नाम :  गा.वि.स. :

वडा नं. :

| महिना | विद्यालयमा खुलेका दिन | पढाइको दिन | कक्षा | | उपस्थिति दिन | औषत दिन |
|---|---|---|---|---|---|---|
| वैशाख | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| जेठ | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| असाढ | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| साउन | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| भादौ | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| असोज | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| कार्तिक | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| मंसिर | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| पुष | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| माघ | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| फागुन | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |
| चैत्र | | | दलित | केटा | | |
| | | | | केटी | | |
| | | | गैर दलित | केटा | | |
| | | | | केटी | | |

## अनुसूची-२

## दलित र गैरदलित विद्यार्थीहरुको औषत उपलब्धी शैक्षिक सत्र २०६७ र २०६८

### शैक्षिक सत्र २०६७

| | | दलित | | गैरदलित | |
|---|---|---|---|---|---|
| कक्षा | विषय | नाम | औषत प्राप्ताङ्क | नाम | औषत प्राप्ताङ्क |
| ५ | अंग्रेजी, गणित र विज्ञान | तेज ब. नेपाली | ४० | नेत्र ब. राउत | ५० |
| | | बिना नेपाली | ३५ | लक्ष्मी राई | ४५ |
| | | कुमार परियार | ३५ | धिरेन राई | ४७ |
| | | सर्मिला परियार | ३२ | गमला राई | ४५ |
| | | राम ब. वि.क. | ३७ | रुद्र ब. बुढाथोकी | ५० |
| | | रमिला वि.क. | ३५ | सीमा राई | ४० |
| | | औषत उपलब्धी | ३५.३६ | औषत उपलब्धी | ४६.१६ |

### शैक्षिक सत्र २०६८

| | | दलित | | गैरदलित | |
|---|---|---|---|---|---|
| कक्षा | विषय | नाम | औषत प्राप्ताङ्क | नाम | औषत प्राप्ताङ्क |
| ५ | अंग्रेजी, गणित र विज्ञान | अभिनास वि.क. | ३५ | विष्णु ब. राउत | ४५ |
| | | सीता वि.क. | ४१ | सुष्मा बस्नेत | ५० |
| | | सुन्दर परियार | ३७ | राजेश राई | ४६ |
| | | शान्ता परियार | ३२ | बिमला राई | ४५ |
| | | हेमन्त नेपाली | ३६ | गोपाल मल्ल | ५० |
| | | सुन्दा नेपाली | ३५ | हिमा राई | ४१ |
| | | औषत उपलब्धी | ३६ | औषत उपलब्धी | ४६.५ |

# अनुसूची ३

## दलित विद्यार्थीका लागि प्रश्नावली

विद्यालयको नाम : गा.वि.स. :

वडा नं. :

विद्यार्थीको नाम : टोल :

उमेर :

१. तिमीहरुलाई विद्यालयमा शिक्षक शिक्षिकाले कस्तो व्यवहार गर्नुहुन्छ ?

| विद्यार्थीको नाम | क्रियाकलाप | शिक्षक-शिक्षिकाले गर्ने व्यवहार | | |
|---|---|---|---|---|
| | | धेरै सहयोग गर्ने | अलिअलि गर्ने | गर्दै नगर्ने |
| | कक्षाकार्य | | | |
| | गृहकार्य | | | |
| | कक्षामा प्रश्न गर्दा | | | |
| | प्रश्नको उत्तर दिंदा | | | |
| | अनुपस्थित हुंदा | | | |

२. तिमी घरमा कुन समयमा कति घण्टा पढ्छौ ?

विहान घण्टा ......... वेलुका घण्टा ......... विदाको दिन .........

३. घरमा गृहकार्य गर्दा कसको मद्दत लिन्छौ ?

क) वुबा-आमा ख) दाजु-भाइ ग) दिदी वहिनी घ) अन्य

४. घरमा पढ्दा नजानेको कसले सिकाइदिन्छ ?

क) वुवाआमा ख) दाजुभाइ ग) दिदीबहिनी घ) अन्य

५. तिमीलाई पढ्न मन लाग्छ वा लाग्दैन ? लाग्दैन भने किन ?

६. तिमीलाई पाठ्यपुस्तक र शैक्षिक सामग्री कसले उपलब्ध गराउँछ ?

७. तिमीले घरमा पाठ्यपुस्तक बाहेक अन्य पुस्तक/नोट पढ्छौ वा पढ्दैनौ ?

८. तिमीलाई पढ्नको लागि आवश्यक सामग्री समयमै उपलब्ध हुन्छ ? हुँदैन भने किन ?

९. तिमीलाई कुन साथी सबैभन्दा बढी मनपर्छ र किन ?

१०. तिमीलाई कुन साथी मन पर्दैन र किन ?

११. घरमा काम गर्नु पर्दछ वा पर्दैन र पर्दछ भने के-के काम कति समय गर्नु पर्दछ ?

१२. तिमीलाई विद्यालय जान मन लाग्छ वा लाग्दैन ? लाग्दैन भने किन ?

१३. तिमीलाई घरबाट विद्यालय जान कति समय लाग्छ ?

१४. तिमीलाई विद्यालयमा साथीहरुले के-कस्तो व्यवहार गर्दछन् ?

१५. तिमीलाई पढ्ने इच्छा छ वा छैन र छैन भने किन ? छ भने कतिसम्म पढ्ने इच्छा छ ? कहाँ पढ्ने इच्छा छ ?

१६. तिमीलाई पढ्नु पर्दछ भनेर सल्लाह दिने व्यक्ति को को हुन् ?

क) बाबुआमा ख) दाजुभाइ ग) दिदीबहिनी घ) छिमेकी

१७. तिमीलाई पढ्न बाहेक अन्य के गर्न मन पर्दछ ?

# अनुसूची ४

## दलित र गैर दलित अभिभावकका लागि अन्तर्वार्ता फारम

**उत्तरदाताको नाम थर :** गा.वि.स. :

**उमेर :** टोल :

**लिङ्ग :** मिति :

| उत्तरदाताको नाम थर | परिवार संख्या | पेशा | आय श्रोत | घरमा उपलब्ध सुविधा | घरको वनावट | घरमा सबै भन्दा बढी पढेको व्यक्ति | घरमा कति नपढेको संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची ५

## दलित र गैर दलित अभिभावकका लागि अन्तर्वार्ता

पेशा - ज्याला, मजदुरी, कृषि, व्यवसाय, वैदेशिक रोजगार ।

आयश्रोत - वर्षभरि खान-लगाउन पुग्ने, बचत गर्न सक्ने, ६ महिना मात्र खान-लाउन पुग्ने, ३ महिना मात्र खान लाउन पुग्ने ।

घरमा उपलब्ध सुविधा - रेडियो, टेलिभिजन, कम्प्युटर, टेलिफोन, पत्रपत्रिका, शैक्षिक सामग्री ।

घरको बनावट - कच्ची, अर्धकच्ची, पक्की ।

१. तपाईंको छोराछोरीलाई नियमित रुपमा विद्यालयमा पठाउनु भएको छ ?

२. तपाईले छोराछोरीलाई अलग-अलग विद्यालयमा पढाउने गर्नु भएको छ ? छ भने किन ?

३. तपाईंको छोराछोरी पढ्ने विद्यालयमा नियमित पढाइ हुन्छ ? यदि हुन्छ भने त्यो कसरी थाहा पाउनु भयो ?

४. छोराछोरीलाई विद्यालय पठाउनु, नपठाउनुमा के फरक छ ?

५. तपाईले गएको वर्षमा कति पटक विद्यालय पुगेर आफ्नो छोराछोरीको पढाइका बारेमा सोधपुछ गर्नु भयो ?

६. छोराछोरीलाई कति कक्षासम्म पढाउने विचार गर्नुभएको छ ?

क) ५ सम्म   ख) ८ सम्म   ग) १० सम्म   घ) १२ सम्म

ङ) स्नातक सम्म   च) स्नातकोत्तर   छ) पि.एच.डि.सम्म

७. विद्यालयबाट घरमा आएपछि छोराछोरीलाई पढ्न कति घण्टा लगाउने/पढाउने गर्नुहुन्छ ? कति घण्टा पढ्न लगाउनु हुन्छ ?

क) १-२   ख) २-४   ग) ३-४   घ) ४-५   ङ) ५ भन्दा माथि

८. तपाईंको घरमा छोराछोरीलाई पढ्नका लागि छुट्टै कोठाको व्यवस्था छ ?

९. तपाईंको छोराछोरीलाई स्कुलबाहेक अन्य ठाउँमा पढ्न पठाउनु हुन्छ ? कहाँ र कति समयका लागि पढाउनु हुन्छ ?

१०. तपाईंको छोराछोरीलाई विद्यालय समयबाहेकको समयमा घरायसी कामकाजमा लगाउनु हुन्छ वा हुँदैन ?

- हुन्छ भने दिनमा कति घण्टा के-के काम लगाउनु हुन्छ ।
- हुँदैन भने किन लगाउनु भएको हो ?
- तपाईका छोराछोरीलाई विद्यालयसम्म पुग्न जम्मा कति समय लाग्छ ?

११। विद्यालय जानका लागि कुनै सुविधा दिएको छ ? छ भने ती सुविधा के के हुन् ?

१२। विद्यालयले तपाईबाट कुनै शुल्क लिन्छ ? यदि छ भने मासिक रुपमा कति लिने गर्दछ ?

१३। तपाईले छोराछोरीको पढाइका लागि आवश्यक पर्ने सामग्री समयमा नै उपलब्ध गराउनु हुन्छ ? हुँदैन भने किन ?

१४। तपाईका छोराछोरीलाई विद्यालय पठाउँदा मासिक रुपमा कति खर्च लाग्ने गरेको छ?

१५. तपाईको नोकरी/व्यवसायको स्वरुप कस्तो छ ?

क) वार्षिक रुपमा निरनतर  ख) मौसमी  ग) कहिलेकाँही  घ) अन्य

१६. तपाईको परिवारको जम्मा वार्षिक आम्दानी कति छ ?

क) आम्दानीको प्रशस्त खर्च गर्न पुग्छ ।  ख) जेनतेन खर्च पुग्छ ।

ग) वार्षिक खर्चमा रु. ............ कमी हुन्छ ।

घ) मासिक करिब रु. ..... बचत हुन्छ ।

१७. विद्यालयमा अध्यापनरत शिक्षकले तपाईका छोराछोरीलाई कस्तो व्यवहार गर्छन ?

१८. तपाईले आफ्नो वार्षिक आम्दानीको कति प्रतिशत छोराछोरीको पढाइमा खर्च गर्नु हुन्छ ?

१९. तपाईले आफ्ना छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ ?

२०. तपाईको विचारमा दलित केटाकेटीहरु किन पढाइमा कमजोर देखिन्छन् ?

२१. दलित केटोकटीहरु शिक्षामा कम सहभागी हुनुका कारण तपाईका विचारमा के जस्तो लाग्छ ?

२२. तपाईको वरिपरि गैरदलित छन् कि छैनन् ? छन् भने उनीहरुले तपाईहरुलाई छुवाछुतको भावना दर्शाउछन् वा दर्शाउदैनन् ?

२३. दलित भएका कारणले तपाईका छोराछोरीको विद्यालयमा कुनै कठिनाइ भोग्नु परेको छ ?

२४. तपाईलाई गैर दलितहरुले छुवाछुतमा कतिको भेदभाव गर्ने गरेका छन् ?

२५. तपाई विद्यालयसम्म जानको लागि कुन कुन साधन प्रयोग गर्नु हुन्छ ?

क) साइकल  ख) बस  ग) जिप  घ) हिडेर

## अनुसूची ६

## शिक्षक र प्रधानाध्यापकका लागि प्रश्नावली

उत्तरदाताको नाम थर : वडा नं. :

लिङ्ग : विद्यालयको नाम :

१. विद्यालयमा दलित र गैर दलित विद्यार्थीहरुको स्थिति कस्तो छ ?

क) विद्यालयमा नियमितता ख) सामग्री लिएर आउने

ग) कक्षाको अन्तरक्रियामा सरिक घ) सामाजिक क्रियाकलापमा संलग्न

ङ) साथीहरुसँग घुलमिल हुने च) उपलब्धिस्तर

२. सरकारीबाहेक विद्यालयले विद्यार्थीलाई कुनै सुविधा दिने गरेको छ ? छ भने के छ ? त्यो सुविधा कुन-कुन जातका लागि दिइएको छ ?

३. दलित र गैरदलित विद्यार्थीहरुको अध्ययन रुचिमा के कस्तो भिन्नता पाउनु भएको छ ?

४. दलित विद्यार्थीलाई शैक्षिक गतिविधीमा उत्प्रेरित गर्न शिक्षकको कस्तो भूमिका रहन्छ ?

५. दलित विद्यार्थीको शैक्षिक स्तर कस्तो छ ?

क) राम्रो ख) मध्यम ग) नराम्रो

६. दलित र गैर दलित विद्यार्थीहरुको अध्ययनमा उत्प्रेरणा बढाउन विद्यालयले के कस्ता प्रयासहरु गरेको छ ?

७. दलित विद्यार्थीहरुको उपस्थितिलाई नियमित गराउन र पढाइमा जागरुक बनाउन कस्तो कस्तो कार्यक्रम गरेको छ ?

क) अभिभावकलाई सम्झाउने ख) छात्रवृत्ति वितरण गर्ने

ग) विद्यार्थीलाई सम्झाउने घ) दबाव दिने